## संघीय संसद

# प्रतिनिधि सभा, २०७९

पाँचौं अधिवेशन

## <u>भए गरेका काम कारवाहीको संक्षिप्त जानकारी</u>

१. माननीय सदस्यहरु, प्रतिनिधि सभाको पाँचौ अधिवेशन २०८१ साल माघ १८ गते शुक्रबार प्रारम्भ भई २०८१ साल चैत १९ गते मंगलबारसम्म जम्मा ६१ दिन चालु रह्यो। जसमध्ये २५ दिनहरुमा २७ पटक बैठक बसी जम्मा ११८ घण्टा २१ मिनेट संसदीय काम कारवाहीमा व्यतित भयो।

२. सभाको मिति २०८१ माघ १८ गतेको बैठकमा पेश भएको छ वटा अध्यादेश मध्ये "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१", "आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१", "निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१", "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१", "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" मिति २०८१ फागुन २१ गतेको बैठकबाट स्वीकृत भयो भने "भुमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" पेश मात्र भएको थियो।

३. यस अधिवेशनमा मिति २०८१ फागुन ४ र चैत ७ गतेका बैठकहरुमा प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रममा माननीय सदस्यहरुले राख्नुभएको प्रश्नहरुको सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीले जवाफ दिनुभएको थियो।

४. सभाको यस अधिवेशनमा प्रतिनिधि सभामा १२ वटा सरकारी र एउटा गैर सरकारी विधेयक दर्ता भएको थियो जसमध्ये ५ वटा विधेयक संघीय संसदको दुवै सभाबाट पारित भएका छन् भने ४ वटा विधेयक समितिमा विचाराधीन रहेका छन्, ३ वटा विधेयक सभामा प्रस्तुत मात्र भएका छन् भने "जाति, रंग, क्षेत्र, भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव (कसूर र सजाय)" सम्बन्धी गैर सरकारी विधेयक दर्ताको अवस्थामा रहेको छ। साथै सभाको पहिलो, दोस्रो, तेस्रो र चौथो अधिवेशन मार्फत् प्राप्त सरकारी र गैरसरकारी जम्मा १३ वटा विधेयकहरु मध्ये "संवैधानिक परिषद् (काम, कर्तव्य र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक" प्रतिनिधि सभाबाट पारित भएको छ, "जलस्रोत विधेयक" सम्बन्धी समितिको प्रतिवेदन सभामा प्रस्तुत भएको छ, "बैकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक" राष्ट्रिय सभाबाट फिर्ता भई सभामा टेबुल भएको छ, ८ वटा विधेयकहरु सम्बन्धित समितिमा विचाराधीन रहेका छन्, "मानव शरीर जलन नियन्त्रण तथा सजाय विधेयक" दर्ताको स्थितिमा रहेको र "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" लाई सरकारले सभाको मिति २०८१ माघ २७ गतेको बैठकको सहमतिमा फिर्ता लिएको छ।

त्यसैगरी चालू अधिवेशनमा राष्ट्रिय सभामा उत्पत्ति भएका ४ वटा विधेयकहरु सभामा प्राप्त भएकोमा २ वटा विधेयक सम्बन्धित समितिमा विचाराधीन रहेको, "नेपाल कानून व्यवसायी परिषद् (पहिलो संशोधन) विधेयक" माथिको सैद्धान्तिक छलफल सकिएको र "तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक" सभामा प्रस्तुत भएको छ। साथै अघिल्ला अधिवेशनमा राष्ट्रिय सभाबाट प्राप्त ७ वटा विधेयकहरु मध्ये ४ वटा विधेयकहरु पारित गरी फिर्ता पठाइएको छ, "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक" सम्बन्धी समितिको प्रतिवेदन सभामा पेश भएको छ भने "अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक" सम्बन्धित समितिमा विचाराधीन अवस्थामा रहेको र "राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक" सभामा प्रस्तुत मात्र भएको अवस्थामा छ।

५. यस अधिवेशनमा "आई एल.ओ. प्रोटोकल तथा सिफारिशहरु सम्बन्धी प्रतिवेदन" बैठकमा पेश भयो भने मिति २०८१ फागुन २७ गतेको बैठकले "मोन्ट्रियल प्रोटोकल किगाली संशोधन" लाई सर्वसम्मतिबाट अनुमोदन गरेको थियो।

६. मिति २०८१ माघ १२ गतेको बैठकमा माननीय राजेन्द्र बजगाईले पेश गर्नुभएको "नेपालका ग्रामिण क्षेत्रमा बाँदर र जङ्गली सुँगुर (बँदेल)को आतङ्कबाट खेतीबाली नष्ट भई किसानहरुको सुरक्षामा समेत खतरा पैदा भएकाले समस्याको दिर्घकालीन समाधान गर्दै कृषि सुरक्षाको सुनिश्चितता, वन्यजन्तु व्यवस्थापन र वातावरणीय सन्तुलन कायम राख्नका लागि नीति निर्माण र कार्यान्वयनको आवश्यकता भएकोले" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव माथि छलफल

पश्चात् माननीय वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले जवाफ दिनुभएको थियो। मिति २०८१ चैत ६ गतेको बैठकमा माननीय डा० सुनिलकुमार शर्माले पेश गर्नु भएको "नेपालमा विशेषगरी ग्रामीण क्षेत्र, सिमान्तकृत, पिछडिएको र विपन्न समुदायमा कमजोर आर्थिक अवस्था र जनचेतनाको अभाव लगायतका कारणले सामान्य तथा गम्भिर प्रकृतिका रोगहरुका लागि समेत स्वास्थ्य उपचार खर्चको अभाव हुनुको साथै स्वास्थ्य सेवामा पहुँच चुनौतीपूर्ण रहेको हुनाले नेपालका सबै नागरिकका लागि एक व्यापक स्वास्थ्य बीमा योजना प्रारम्भ गरी छिटो, सर्वसुलभ र सहज स्वास्थ्य सेवाको पहुँचमा सबैलाई समेट्न आवश्यक भएकाले" भन्ने विषयको जरुरी सार्वजनिक महत्वको प्रस्ताव माथि छलफल पश्चात् माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले जवाफ दिनु भएको थियो।

त्यसैगरी मिति २०८१ माघ १२ गतेको बैठकमा माननीय शेरबहादुर कुँवरले “सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशका केही जिल्लाका विपन्न र पछाडि परेका नागरिकहरुले विभिन्न अस्पतालबाट निःशुल्क सेवा पाउँदै आएकोमा नेपाल सरकार र प्रदेश सरकारबाट प्रदान गरिने अनुदान रकमको अभावले गर्दा सेवाबाट बञ्चित हुने अवस्था आएकोले उक्त अस्पतालहरुबाट पाउँदै आइरहेको सेवाको निरन्तरता हुनुपर्ने” भन्ने सम्बन्धी सार्वजनिक महत्वको विषयमा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदिप पौडेलको ध्यानाकर्षण गराउनु भएको थियो।

७. यसै अधिवेशनमा सभाको विभिन्न बैठकहरुमा “राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन, २०७९/८०", "महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१", “राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको छैटौं वार्षिक प्रतिवेदन २०८१", "राष्ट्रिय सुरक्षा परिषद्को छैटौं वार्षिक प्रतिवेदन, आ.व. २०७९/२०८० र सातौं वार्षिक प्रतिवेदन, आ.व. २०८०/२०८१", "महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन आ.व. २०७९/०८०", "मुस्लिम आयोगको वार्षिक प्रतिवेदन आ.व. २०७९/०८०", "अख्तियार दुरुपयोग अनुसन्धान आयोगको चौतीसौं वार्षिक प्रतिवेदन आ.व. २०८०/०८१", "राष्ट्रिय मानव अधिकार आयोगको २४ औं वार्षिक प्रतिवेदन आ.व. २०८०/०८१", "लोक सेवा आयोगको पैंसट्ठीऔं वार्षिक प्रतिवेदन (२०८० श्रावण - २०८१ आषाढ)" र "मधेशी आयोगको छैठौं वार्षिक प्रतिवेदन आ.व. २०८०/०८१" पेश भए। साथै “आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको अर्ध वार्षिक मूल्याङ्कन प्रतिवेदन” र "उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४९ बमोजिम उपभोक्ता अदालतको गठन सम्बन्धी सूचना सभामा" पेश भएको थियो।

८. यस अवधिमा सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीले "पाँचौं अधिवेशन प्रारम्भको अवसरमा" र "आसन्न विमस्टेक भ्रमण, काठमाडौंको तीनकुने क्षेत्रमा भएको घटना तथा विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धमा" आफ्नो धारणा राख्नुका साथै माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदिप पौडेलले "पाठेघरको मुखको क्यान्सर विरुद्धको एच.पी.भी. खोप अभियान र क्यान्सर रोगको रोकथामको लागि सरकारको रणनीतिका सम्बन्धमा" र माननीय वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले "देशैभरि फैलिरहेको डढेलोको घटना र डढेलो नियन्त्रणका सम्बन्धमा" सार्वजनिक महत्वको वक्तव्य दिनुभयो।

साथै सभाको आकस्मिक, शून्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएको विषयहरुको जवाफ दिने क्रममा माननीय गृहमन्त्री रमेश लेखकले "सर्लाही जिल्लामा अन्तरजातीय विवाहलाई लिएर उत्पन्न विवाद सम्बन्धमा" र "पूर्व विशिष्ट पदाधिकारीहरुलाई दिइरहेको सेवा सुविधाका सम्बन्धमा भएका अन्तर्राष्ट्रिय अभ्यास, अदालती फैसला र कानून निर्माणको आवश्यकता, पाथिभरा क्षेत्रमा केवलकार निर्माणमा देखिएको विवाद, वन डढेलो नियन्त्रण, विपद व्यवस्थापन, सडक दुर्घटना नियन्त्रण लगायतका विषयहरुका सम्बन्धमा", माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री दीपक खड्काले "जलविद्युत आयोजना, प्रसारण लाइनको निर्माण, विद्युत उत्पादन र अन्तरदेशीय विद्युत आयात निर्यातमा देखिएको समस्या र सोको निराकरणको लागि सरकारले गरिरहेको कार्यका सम्बन्धमा" र "नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई कार्यसम्पादन मूल्याङ्कन वापत दिइएको शून्य अङ्क, विद्युत आयात निर्यातको अवस्था र सरकारले गरिरहेको कार्यका सम्बन्धमा" एवं माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले "देशका विभिन्न राजमार्ग, भौतिक पूर्वाधार, सडक तथा पुल निर्माणको हालको अवस्था लगायतका विषयमा जवाफ दिनुका साथै सरकारले गरिरहेको कार्यका सम्बन्धमा" सभामा जवाफ दिनुभएको थियो।

९. पाँचौ अधिवेशनको यस अवधिमा वर्तमान प्रतिनिधि सभा सदस्य दीपक बोहरा, संविधान सभा सदस्यहरु अब्दुल हमिद सिद्धिकी, रामजीप्रसाद शर्मा र विदुर प्रसाद सापकोटा एवं पूर्व सदस्यहरु दमननाथ ढुंगाना र प्रेमलाल सिंह (पी.एल.सिंह)को निधनमा सभाबाट शोक प्रस्ताव पारित भए।